**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ जुलाई २०२४

समयः १४:४० - १४:५० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी रुस र अष्ट्रियाको तीन दिवशीय आधिकारिक भ्रमणका लागि आज प्रस्थान गर्नुभएको छ ।

२. राष्ट्रपति मुर्मु ओडिसाको चार दिवशीय भ्रमणमा हुनुहुन्छस

३. हेमन्त सोरेन सरकारले झारखण्ड विधानसभामा विश्वास मत प्राप्त गरेको छ।

४. नेशनल टेस्टिंग एजेंसी (एनटीए)ले संयुक्त विश्वविद्यालय प्रवेश परीक्षा 2024 को लागी उत्तर कुंजी जारी गरेको छ।

५. केन्द्रीय कोइला तथा खानी मन्त्री जी. किशन रेड्डीले विकसित भारतको लक्ष्य हासिल गर्न औषधि उद्योगको सहयोग आवश्यक रहेको बताउनु भएको छ ।

**प्रधानमंत्री नरेन्द्र मोदी रूस-ऑस्ट्रिया यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी रुस र अष्ट्रियाको तीन दिवशीय आधिकारिक भ्रमणका लागि आज प्रस्थान गर्नुभएको छ ।पहिलो चरणमा उहा २२ औं भारत–रुस वार्षिक शिखर सम्मेलनका लागि मस्को जानुहुनेछ ।शिखर सम्मेलनले प्रधानमन्त्री मोदी र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई रक्षाए व्यापार र लगानीए ऊर्जा सहयोगए शिक्षाए संस्कृति र जनता–जनताबीचको सम्पर्क लगायत द्विपक्षीय मामिलामा चर्चा गर्ने अवसर प्रदान गर्नेछ।दुवै नेताले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी घटनाक्रमका बारेमा पनि विचार आदान प्रदान गर्नुहुनेछ ।द्विपक्षीय सम्बन्धको वर्तमान अवस्थालाई ब्रिक्सए साङ्घाई सहयोग संगठनए जी–२०ए पूर्वी एशिया शिखर सम्मेलन र संयुक्त राष्ट्रसंघमा पनि मूल्यांकन गरिनेछ।प्रधानमन्त्री नरेन्द्र मोदीले रुसमा भारतीय समुदायसँग भेटघाट गर्ने कार्यक्रम रहेको छ। उहाले क्रेमलिन स्थित सैनिकको समाधि स्थलमा माल्यार्पण गर्नुका साथै मस्कोस्थित रोसाटोम मण्डपको भ्रमण गर्ने कार्यक्रम रहेको छ। विदेश सचिव विनय क्वात्राले सन् २०२० देखि नै भारत र रुसको विशेष साझेदारी रहेको र यो भू-राजनीतिक चुनौतीका बीच पनि प्रभावकारी रहेको बताउनु भएको छ ।

****** ० ******

**रुस भारतीय राजदुत**

रुसका लागि भारतीय राजदूत विनय कुमारले पत्रकारहरुसँग कुरा गर्नुहुदै तीन वर्षको अन्तराल पछि भईरहेको यो भ्रमण निकै महत्वपूर्ण रहेको बताउनु भएको छ ।भ्रमणको दोस्रो चरणमा प्रधानमन्त्री श्री मोदी ९ र १० जुलाईमा अस्ट्रियामा हुनेछन्। प्रधानमन्त्री श्री मोदीको पहिलो अस्ट्रिया यात्रा चान्सलरको निमन्त्रणामा भईरहेको छ ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु भुवनेश्वर यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मू आज भुवनेश्वर स्थित ऐतिहासिक उदयगिरी गुफाको दर्शन गर्नुहुनेछ स राष्ट्रपति मुर्मु ओडिसाको चार दिवशीय भ्रमणमा हुनुहुन्छ।उदयगिरि गुफाहरू ब्राह्मी लिपिमा कुँदिएको हाथीगुम्फा शिलालेखका लागि प्रसिद्ध छन्। शिलालेख जैन नमोकर मन्त्रबाट शुरु हुन्छ र कलिंग सम्राट खरवेलाको सैन्य अभियानको उल्लेख गर्दछ। कलिंगा उडिसाको प्राचीन नाम हो। राष्ट्रपति मुर्मूले विभूति कानूनगो कला तथा शिल्प बिश्वबिद्यालय तथा उत्कल संस्कृति विश्वविद्यालयका विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। उहाले भुवनेश्वर नजिकैको हरिदमाडा गाउँमा ब्रह्मकुमारी दिव्य केन्द्रको पनि उद्घाटन गर्नुहुनेछ ।

****** ० ******

**झारखंड विधानसभा - हेमंत सोरेन सरकार**

हेमन्त सोरेन सरकारले झारखण्ड विधानसभामा विश्वास मत प्राप्त गरेको छ । झारखण्ड मुक्ति मोर्चा (झामुमो) नेतृत्वको गठबन्धनका ४५ विधायकले विश्वास प्रस्तावको पक्षमा मतदान गरे। यसअघि मुख्यमन्त्री हेमन्त सोरेनले विधानसभामा विश्वास प्रस्ताव पेश गरेका थिएए जस माथी बहस भएको थियो । मत विभाजनको क्रममा विपक्षीले हंगामा गरे र सोरेन सरकारविरुद्ध नाराबाजी गरे । विश्वास मत पछि सदन अनिश्चितकालका लागि स्थगित गरियो ।

****** ० ******

**राष्ट्रीय परीक्षा एजेंसी (एनटीए)**

नेशनल टेस्टिंग एजेंसी (एनटीए)ले संयुक्त विश्वविद्यालय प्रवेश परीक्षा (सीयूईटी) 2024 को लागी उत्तर कुंजी जारी गरेको छ । विद्यार्थीहरुले भोलिसम्म उत्तरपुस्तिकालाई चुनौती दिन सक्नेछन् । अब एक सप्ताहभित्र परिणामको घोषणा हुने सम्भावना छ । यो परीक्षा पहिलो पटक हाइब्रिड आधारमा सञ्चालन गरिएको थियो । १५ विषयको परीक्षा पेन पेपरमा आधारित थियो भने अन्य ४८ विषयको परीक्षा कम्प्युटरमा आधारित थियो । यस वर्ष १३ दशमलब ४ लाख भन्दा अधिक विद्यार्थीहरूले २६१ केन्द्रीयए राज्यए मानित र निजी विश्वविद्यालयहरूमा स्नातक पाठ्यक्रमहरूमा प्रवेशका लागि साझा प्रवेश परीक्षाको लागि पंजीकरण गरेका थिए।

****** ० ******

**केंद्रीय कोयला मंत्री जी किशन रेड्डी**

केन्द्रीय कोइला तथा खानी मन्त्री जी. किशन रेड्डीले विकसित भारतको लक्ष्य हासिल गर्न औषधि उद्योगको सहयोग आवश्यक रहेको बताउनु भएको छ । श्री रेड्डीले हिज हैदराबादमा भारतीय औसधि कंग्रेसको ७३ औं बैठकलाई सम्बोधन गर्नुभयो । भारत विश्वको पाँचौं ठूलो अर्थव्यवस्था भएको र यसको लक्ष्य ५ ट्रिलियन डलरको अर्थव्यवस्था बन्ने रहेको उहाले बताउनुभएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको लक्ष्य सन् २०२७ सम्ममा देशलाई तेस्रो ठूलो अर्थव्यवस्था बनाउनु रहेको रेड्डीले बताउनु भएको छ स देशको कुल निर्यातको पाँच भागको एक चौथाइ हिस्सा औषधिजन्य उत्पादनले ओगटेको बताउनुहुदै केन्द्रीय मंत्री श्री रेड्डीले गत वर्ष देशले एक लाख ८३ हजार करोड रुपिया बराबरको औषधिजन्य उत्पादन निर्यात गरेको जानकारी दिनुभएको छ ।

****** ० ******

**ओडिशा पुरी भगवान जगन्नाथ**

उडिसामा भगवान जगन्नाथए भगवान बलभद्र र देवी सुभद्राको विश्व प्रसिद्ध रथयात्राको रथ तान्ने कार्य आज पुरीमा पुनः शुरु हुनेछ। पुरीको गुन्डिचा मन्दिरमा रथ तान्ने काम हिज सूर्यास्तपछि रोकिएको थियो । विशेष खगोलीय व्यवस्थाका कारण यस वर्ष रथयात्रा दुई दिनसम्म आयोजना हुँदैछ । पछिल्लो पटक सन् १९७१ मा यस्तो घटना भएको थियो ।

****** ० ******

**पंजाब नीति आयोग**

पञ्जाबमा, नीति आयोगको अनुदानमा मोगामा राज्यको पहिलो प्लान्ट क्लिनिक र माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको छ। क्लिनिकले किसानहरुलाई निःशुल्क माटो परीक्षण र बोटबिरुवाको रोग निदान सेवाहरु प्रदान गर्नेछ ।

****** ० ******

**भारत थाईलैंड संयुक्त सैन्याभ्यास मैत्री-२०२४**

भारत र थाइल्याण्डबीच संयुक्त सैन्य अभ्यास मैत्री–२०२४ थाइल्याण्डको ताक प्रान्तमा जारी रहेको छ । संयुक्त राष्ट्रसङ्घको चार्टर अन्तर्गत सैन्य सहयोगलाई बढावा दिन र दुवै देशको परिचालन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो अभ्यास महत्वपूर्ण छ । रक्षा जनसम्पर्क कार्यालयले जारी गरेको प्रेस विज्ञप्ति अनुसार, दुवै देशका सैनिकले कठोर प्रशिक्षण सत्रमा भाग लिइरहेका छन् । प्रतिविद्रोह र आतङ्कवाद विरोधी अभियानहरूमा ध्यान केन्द्रित गरिएको छ। सैन्य अभ्यास मैत्री–२०२४ यही महिनाको १५ तारिखसम्म जारी रहनेछ ।

****** ० ******

**सर्वोच्च न्यायालय- मासिक धर्म**

सर्वोच्च न्यायालयले केन्द्र सरकारलाई राज्य र अन्य सरोकारीहरूसँग परामर्श गरेर महिला कर्मचारीहरूका लागि मासिक धर्म बिदा सम्बन्धी नमूना नीति बनाउने निर्देश दिएको छ। प्रधान न्यायाधीश डीवाई चन्द्रचूडए न्यायाधीश जेबी पार्दीवाला र न्यायाधीश मनोज मिश्राको पिठले आज मासिक धर्म बिदा नीतिको माग गर्दै दर्ता गरिएको जनहित याचिकाको निरुपण गर्दै महिला तथा बाल विकास मन्त्रालयलाई यस सम्बन्धी नीति निर्माण गर्न सरोकारीहरूको बैठक गर्न निर्देश दिएको छ। पीठले भनेको छए श्यो नीतिगत विषय होए अदालतले हेर्ने विषय होइन । यसबाहेकए महिलाहरूलाई यस्तो बिदा दिने सम्बन्धमा अदालतको निर्णय प्रत्युत्पादक र हानिकारक साबित हुन सक्छ किनकि रोजगारदाताहरूले उनीहरूलाई काममा लगाउनबाट जोगिन सक्छन्।

****** ० ******

## पवित्र अमरनाथ गुफा - तीर्थयात्रा

जम्मुको भगवती नगर यात्री निवास आधार शिविरबाट पाँच हजार ८०३ तीर्थयात्रीको अर्को जत्था पवित्र गुफा अमरनाथको तीर्थयात्राका लागि कश्मीर उपत्यकाका लागि प्रस्थान गरेको छ । तीर्थयात्रीहरू आज बिहान २१८ वटा वाहनहरुको साथमा आधार शिविरबाट प्रस्थान भएका छन् ।

****** ० ******

## मानबहादुर सिंह 'लहक' सम्मान–२०२४

यस बर्षको मानबहादुर सिंह श्लहकश सम्मान–२०२४ गीत परम्परा र नवगीत आन्दोलनका अग्रणी कवयित्री शान्ति सुमनलाई प्रदान गरिने भएको छ । मानबहादुर सिंह श्लहकश सम्मान चयन समितिले विज्ञप्ति मार्फत यस आशयको जानकारी दिएको छ । मनबहादुर सिंह लहक सम्मान समितिका सचिव उमाशंकर सिंह परमारका अनुसार पुरस्कार समारोह आगामी नोभेम्बरमा झारखण्डको जमशेदपुर टाटा नगर मा आयोजना गरिनेछ ।

****** ० ******

## आकाशवाणी समाचार सेवा

आकाशवाणीको समाचार सेवा प्रभागले आफ्नो साप्ताहिक लाइभ फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा आज राती "राष्ट्रिय डायरिया रोकथाम अभियान-२०२४" माथी चर्चा प्रसारित गर्नेछ । कार्यक्रममा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको राष्ट्रिय बाल स्वास्थ्य कार्यक्रमका प्रमुख तथा बाल स्वास्थ्य उपयुक्त डा शोभना गुप्ता र अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स)ए नयाँ दिल्लीका ग्यास्ट्रो एन्टेरोलोजी विभागका प्राध्यापक डा गोविन्द के मखरियाले भाग लिनुहुनेछ। यो एफएम गोल्ड च्यानल र अतिरिक्त फ्रिक्वेन्सीमा ९.३० देखि १०.०५ बजे सम्म सुन्न सकिन्छ। श्रोताहरूले टेलिफोन नम्बर 011-23 42 10 50 र 011-23 31 44 44 मा यस विषयसँग सम्बन्धित विभिन्न पक्षहरूमा विशेषज्ञहरूलाई प्रश्नहरू सोध्न सक्नेछन् स यसका साथै ह्वाट्सएप नम्बर 9289094044मा पनि प्रश्न पठाउन सकिन्छ । प्रश्नहरू ह्यासट्याग रुोा।प् को साथै एक्समा पनि पोस्ट गर्न सकिन्छ। यो कार्यक्रम हाम्रो वेबसाइटू newsonair.gov.in र युट्युब च्यानल श्न्यूज अन ए.आई.आर.अफिसियलश मा पनि उपलब्ध हुनेछ ।

****** ० ******

## प्लास्टिक जागरूकता

प्लास्टिक जागरूकता कार्यक्रम प्लास्टिकको समस्या र यसको रोकथाम सम्बन्धी सचेतनामूलक कार्यक्रम ग्लोबल कन्क्लेभ अन प्लास्टिक रिसाइक्लिङ एण्ड सस्टेनेबिलिटी आज दिल्लीको प्रगति मैदानस्थित भारत मण्डपममा समापन भएको छ । चार दिवशीय यस कार्यक्रमको उद्देश्य रिसाइक्लिङको माध्यमबाट प्लाष्टिकजन्य फोहरको अधिकतम व्यवस्थापन गर्नु र पर्यावरण संरक्षणको दिशामा रोजगारको अवसर सिर्जना गर्नु रहेको थियो ।

****** ० ******